लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बैठक तथा आन्तरिक प्रशासन शाखा

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- आ.प्र./५२५

मिति :- वि.सं. २०८३/०५/११

ने.स. :- ११४६ गुंलाथ्व,१४ बिहिवार

विषयः कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा।

श्री स्थानीय तह (सबै),

लुम्बिनी प्रदेश।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश भित्रका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४३ तथा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ५९ को उपनियम (८) समेतको आधारमा देहाय बमोजिम गर्न गराउनु हुन यस कार्यालयको मिति २०८३/०५/१० गतेको निर्णयानुसार (नि. प्रमुख सचिवस्तर) अनुरोध छ।

देहायः-

| क.सं. | कर्मचारी | सुपरिवेक्षक | पुनरावलोकनकर्ता | पुनरावलोकन समिति |
|---|---|---|---|---|
| १ | सहायकस्तर कर्मचारीको लागि | कम्तिमा सातौं तहको अधिकृत तथा त्यस्तो कर्मचारी नभएमा प्रमुख प्रशासकीय अधिकृत | एक तह माथिको अधिकृत कर्मचारी तथा त्यस्तो कर्मचारी नभएमा प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत नवौं वा दशौं—संयोजक<br>पुनरावलोकनकर्ता - सदस्य<br>सुपरिवेक्षक - सदस्य |
| २ | अधिकृतस्तर छैटौं वा सो भन्दा माथिको कर्मचारीको लागि | कम्तीमा एक तह माथिको अधिकृत कर्मचारी तथा त्यस्तो कर्मचारी नभएमा प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत -संयोजक<br>पुनरावलोकनकर्ता - सदस्य<br>सुपरिवेक्षक - सदस्य |

पुनश्चः साथै अधिकृत आठौं तहसम्मका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्न पुनरावलोकन समितिको बैठक बस्ने समयमा सो समितिको अध्यक्ष वा सदस्य हुने भनि तोकिएको अधिकारीको पद रिक्त हुन गई पुनरावलोकन समितिको बैठक निर्धारित समय भित्र वस्न नसक्ने अवस्था भएमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ५९ को उपनियम (८) बमोजिम सदस्य तोक्न यस कार्यालयमा लेखी पठाउने।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Buddhi Bahadur Paudel chhetri
buddhi2032@gmail.com

(बुद्धि बहादुर पौडेल क्षेत्री)

शाखा अधिकृत